International Research Journal of MMC (IRJMMC)
Open Access
*Volume 4*(1), 2023 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# सिर्जन अविरलका 'क्यान्टोनमेन्ट' शृङ्खलाका कविताहरूमा जनयुद्धका लडाकुको मनोविज्ञान

# (Psychology of the People's War Fighter within the poem 'Cantonment and Other Poems' by poet Sirjan Aviral)

**Khil Prasad Baral[1*], Ramchandra Subedi[2], Jayram Gautam[3]**
[1]Ph.D. Scholar, Nepal Sanskrit University
Lecturer of Nepali, Makawanpur Multiple Campus, Hetauda
[2]Associate Professor of Nepali, Makawanpur Multiple Campus Hetauda
Email: ramchandra.mmc@gmail.com
[3]Lecturer of Nepali, Makawanpur Multiple Campus, Hetauda
Email: jrgautam2020@gmail.com
*Corresponding Author: nimeshnikhil@gmail.com

**Citation:** Baral, K. P., Subedi, R., & Gautam, J. (2023). सिर्जन अविरलका 'क्यान्टोनमेन्ट' शृङ्खलाका कविताहरूमा जनयुद्धका लडाकुको मनोविज्ञान [Psychology of the people's war fighter within the poem 'cantonment and other poems' by poet Sirjan Aviral]. *International Research Journal of MMC*, *4*(1), 18–26. https://doi.org/10.3126/irjmmc.v4i1.51856

This work is licensed under a Creative Commons Attribution-NonCommercial 4.0 International License.

**सार**

*प्रस्तुत अध्ययनमा कवि सिर्जन अविरलको कविताकृति 'क्यान्टोनमेन्ट र अरू कविताहरू' भित्र रहेका 'क्यान्टोन्मेन्ट' शृङ्खलाका कवितामा पाइने जनयुद्धका लडाकुहरूको सामान्य मनोविश्लेषण गरिएको छ । तथापि, फ्रायडीय मनोविश्लेषणका सबै मान्यतालाई यस अध्ययनमा आधार बनाइएको छैन । यस अध्ययनका लागि मनोविज्ञानका पूर्वस्थापित मान्यतालाई सामान्य आधार बनाइएको छ भने अध्ययन विश्लेषणका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा वर्णनात्मक पद्धतिअनुसार विवेच्य सामग्रीहरूको विश्लेषण गरिएकाले यो मूलतः गुणात्मक अध्ययन हो । यो आलेख मूलतः निगमनात्मक पद्धतिमा आधारित छ तर मनोविश्लेषणका पूर्वस्थापित सिद्धान्तका आधारमा विवेच्य कविताका विभिन्न अंशहरूलाई उद्देश्यमूलक नमुनाका रूपमा छनोट गरी साक्ष्यका रूपमा प्रस्तुत गरिएका कारण यसमा आगमनात्मक पद्धतिको पनि प्रगोग गरिएको छ । विवेच्य कविताहरूमा जनयुद्धका लडाकुहरूको मनोविज्ञान के कस्तो छ भन्ने समस्यामा केन्द्रित रही ती कवितामा जनयुद्धका लडाकुहरूको मनोविज्ञानको विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । अध्ययनबाट कवि अविरलका कविताहरूमा जनयुद्धका लडाकुहरूको कारुणिक मनोविज्ञानलाई प्रस्तुत गरिएको निष्कर्ष निकालिएको छ । वर्तमान समयमा नेपाली भाषामा कविता लेखिरहेका कविहरूका कवितामा कुनै न कुनै प्रकारको मनोविज्ञानको प्रस्तुति पाइने परिप्रेक्ष्यमा ती कविहरूका कवितामा पाइने मनोवैज्ञानिक पक्षको अध्ययन विश्लेषण गर्ने कार्यमा यो आलेखले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । त्यसैले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।*

**Abstract**

*In this study, a general psychoanalysis of the fighters of the People's War found in the poems of the 'Cantonment' series within the poem 'Cantonment and Other Poems' by poet Sirjan Aviral has been done. However, all the assumptions of Freudian psychoanalysis are not based on this study. For this study, the pre-established beliefs of psychology have been made as a general basis, and for the analysis of the study, material has been collected from both primary and secondary sources. In this study, it is basically a qualitative study, as the selected materials are analyzed according to the descriptive method. This article is basically based on the deductive method, but based on the pre-established principles of psychoanalysis; various parts of critical poetry have been selected as objective samples and*

*presented as evidence, so the inductive method has also been promoted in it. The main objective of this study is to analyze the psychology of the people's war fighters in the critical poems by focusing on the problem of what is the psychology of the people's war fighters in those poems. From the study, it has been concluded that the emotional psychology of the people's war fighters is presented in the poems of poet Aviral. It is expected that this article will help in the study and analysis of the psychological aspects found in the poems of those poets from the perspective of presenting some kind of psychology in the poems of the poets who are writing poems in Nepali language at the present time. Therefore, this study is justified.*

**शब्दकुञ्जी**

कविता, क्यान्टोनमेन्ट, जनयुद्ध, मनोविज्ञान, लडाकु

**Keywords:** Cantonment, Fighters, People's War, Poetry, Psychology

## १. विषय प्रवेश

कविता के हो भन्ने विषयमा पूर्व र पश्चिम दुबैतिर अनन्त कालदेखि बहसहरू हुँदै आएका छन् । तथापि यसलाई लयात्मक अभिव्यक्तिका रूपमा सबैले स्विकारको देखिन्छ । कवितालाई यसकै विधागत सन्दर्भमा चिनाउँदाचाहिँ यो साहित्यको लयात्मक वैशिष्ट्य भएको गद्येतर भेद हो (त्रिपाठी, न्यौपाने र सुवेदी, २०६५, पृ. १५) । भाव, विचार वा घटनको विशिष्ट लयात्मक भाषिक संरचना कविता हो (लुइटेल, २०६०, पृ. १८) । विश्वसाहित्यमै कवितालाई सम्भवतः सबैभन्दा धेरै लेखिने तर कम बिक्ने, थोरैले पढ्ने र सीमितले मात्र बुझेर आनन्द लिने विधाका रूपमा लिइन्छ । कविताको गहिराइमा डुब्न सक्ने र त्यसको वास्तविक रसास्वादन गर्न सक्नेहरूको सङ्ख्यात्मक उपस्थिति अत्यन्त न्यून छ । हुनत कविताका नाममा अनर्गल प्रलाप गरेर तथा आर्थिक लगानी गरेर रातारात ठुलै 'कवि' कहलिनेहरू पनि यदाकदा नभेटिने हैनन् तथापि तिनीहरू कविताको स्थायी सत्तामा टिकिरहन सक्दैनन् । पित्तललाई सुन भनेर विज्ञापन गर्नुपर्ला तर सुनको विज्ञापन आवश्यक पर्दैन । यस्तै विज्ञापनभन्दा टाढा रहेर अनि आफूलाई कथित ठुलो कवि कहलाउने मनोकाङ्क्षालाई बेवास्ता गर्दै निरन्तर सिर्जना कर्ममा लागिरहने कविको नाम हो– सिर्जन अविरल (वि.स. २०३३) ।चितवनको भरतपुरका बासिन्दा सिर्जन पेसाले शिक्षक हुन् । उनी रेडियोकर्मी पनि हुन् र सबैभन्दा बढीचाहिँ कवि हुन् । 'म आकाश हेरिरहेछु' कविता सङ्ग्रहका लागि २०६१ सालको नारायणी वाङ्मय पुरस्कार पाउने यिनले पचासको दशकबाटै कविता यात्रा आरम्भ गरेको देखिन्छ । जीवनी लेखनमा समेत कलम चलाएर 'सेतुरामदेखि दिलमाया खातीसम्म' नामको नेपाली गायकहरूको जीवनीको पुस्तक पनि लेख्न र छाप्न भ्याएका छन् यिनले । पछिल्लो समय उनको *मोक्ष* उपन्यास (२०७९) प्रकाशित छ । खुरुखुरु आफ्नो काम गरिरहन मन पराउने यिनै कविको पुस्तक याम्बुरी बुक प्वाइन्टले बजारमा ल्याएको छ– कविता सङ्ग्रहका रूपमा– 'क्यान्टोनमेन्ट र अरु कविता' (२०७०) ।

सिर्जन अविरल समकालीन काव्य चेतनासँग सुपरिचित सचेत कवि हुन् । मूलतः प्रगतिशील काव्यचेतनामा विश्वास राखेर वर्गीय समाजका बेमेलहरूको विपक्षमा उभिन चाहने स्वभाव यिनका कवितामा पाइन्छ । कवितामा उज्यालो देख्न नखोज्नु जीवनको उज्यालोबाट च्यूत हुनु हो (अविरल, २०७०, भूमिका) । यो यिनको कविताप्रतिको वैचारिकता मात्र होइन जीवनप्रतिको स्पष्ट दृष्टिकोण पनि हो । समकालीन काव्यकलाको आलोकमा रहेर स्पष्ट वैचारिकताका साथ कविता लेखे पनि सिर्जनका कतिपय कविताले अन्योलको अवस्था सिर्जना नगरेका पनि छैनन् । जे होस्, उनी भावुक, संवेदनशील र कला तथा शैली सचेत समकालीन प्रगतिवादी कवि हुन् भन्ने कुरामा कसैको विमति रहन सक्दैन ।

माओवादी जनयुद्ध नेपाली समाज र इतिहासको एउटा अविस्मरणीय पाटो हो । त्यसैले नेपाली साहित्यमा जनयुद्धका विविध भावभूमिमा आधारित सिर्जनात्मक तथा समालोचनात्मक कृतिहरू प्रशस्त मात्रामा प्रकाशन भएका देखिन्छन् । जनयुद्ध र नेपाली समाजमा यसको प्रभावलाई विषय बनाएर लेखिएका यी रचनाहरूमा यसका सकारात्मक र नकारात्मक दुबै प्रभावहरूको चर्चा गरिएको पाइन्छ । *साहित्यको अन्वीक्षण* नामक पुस्तकमा जगदीशचन्द्र भण्डारी

International Research Journal of MMC (IRJMMC)
Open Access
*Volume 4*(1), 2023 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

(२०७६) ले 'जनयुद्ध : कलासाहित्यको प्रतिमान' शीर्षकको लेखमा नेपालमा भएको २०५२-२०६२ को जनयुद्धले कलासाहित्यलाई आम मानिसको जीवनसँग गाँसेको धारणा प्रस्तुत गरेका छन् । अशोक थापा (२०६७) ले 'दुःखीका कवितात्मक प्रवृत्तिहरू' शीर्षकको आलेखमा जनयुद्ध कालमै लेखिएको कवि हिरामणि दुःखीको *परिभाषा* कविता सङ्ग्रहका आधारमा उनका कवितातात्मक प्रवृत्तको निरूपण गरेका छन् र दुःखीका कवितामा प्रगतिवादी र क्रान्तिकारी चेतना पाइने औंल्याएका छन् । गोपीन्द्र पौडेल (२०७०) ले *कथाको सिहावलोकन* पुस्तकमा 'समकालीन नेपाली कथामा जनयुद्धको प्रतिबिम्बन', 'जनयुद्ध प्रभावित कथाका नारी पात्र : बहिरङ्ग सर्वेक्षण अन्तरङ्ग विश्लेषण' र 'जनयुद्ध प्रभावित कथामा आमाहरूको उपस्थिति' शीर्षकका तीन आलेखहरू लेखेर सम्बद्ध विषयमा जनयुद्धको प्रभावलाई विश्लेषण गरेका छन् । यी केही प्रतिनिधि उदाहरण मात्र हुन् । यसरी जनयुद्ध र यसका विभिन्न पक्षमा केन्द्रित रहेर सिर्जनात्मक र समालोचनात्मक दुवै प्रकारका अध्ययनहरू भएका देखिए पनि कवि सिर्जन अविरलकै कविताहरूमा केन्द्रित रहेर यस प्रकारको कुनै पनि अध्ययन भएको देखिँदैन । उनका कविता तथा तिनमा पाइने अन्तर्वस्तुबारे केही फुटकर अध्ययन भएको भए तापनि उनका कविताविशेषमा केन्द्रित रही यस प्रकारको अध्ययन भएको देखिँदैन । त्यसैले पनि अविरलका कवितामा पाइने जनयुद्धका लडाकुहरूको मनोविज्ञानको अध्ययन विश्लेषण आफैमा औचित्ययुक्त देखिन्छ ।

## २. समस्या तथा उद्देश्य

कवि सिर्जन अविरलका 'क्यान्टोनमेन्ट' शृङ्खलाका कविताहरूमा जनयुद्धका लडाकुहरूको कस्तो मनोविज्ञानलाई प्रस्तुत गरिएको छ भन्ने प्रश्नलाई यस अध्ययनको मूल समस्या बनाइएको छ । त्यसैले शान्ति सम्झौतापछि क्यान्टोनमेन्टमा राखिएका र अनमिनको प्रमाणीकरणपछि नेपाली सेनामा समायोजन हुन अयोग्य ठहरिएर घर फर्काइएका जनयुद्धका लडाकुहरूको मनोविज्ञानमा परेको प्रभावको विश्लेषण गर्नु यस आलेखको मुख्य उद्देश्य रहेको छ ।

## ३. सामग्री सङ्कलन तथा अनुसन्धान विधि र सीमा

प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका लागि पुस्तकालय विधिको उपयोग गरिएको छ । अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री प्रयोग गरिएका छन् । साक्ष्य वा उदाहरणका रूपमा चयनित कवि सिर्जन अविरलका 'क्यान्टोनमेन्ट' शृङ्खलाका कविता तथा आलेखमा उद्धृत कवितांशहरू प्राथमिक स्रोतका सामग्रीका रूपमा रहेका छन् भने मनोविज्ञान र मनोविश्लेषणका विषयमा लेखिएका पुस्तक, पत्रपत्रिका, लेख आदि र यस विषयममा भएका पूर्ववर्ती कार्यहरू द्वितीयक स्रोत सामग्रीका रूपमा रहेका छन् । सामग्रीको विश्लेषणका लागि मूलतः वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यो आलेखको अध्ययन ढाँचा मूलतः निगमनात्मक रहेको छ तथापि कतिपय सन्दर्भमा यहाँ आगमनात्मक ढाँचाको समेत प्रयोग गरिएकाले यसको अध्ययन विधि मिश्रित प्रकृतिको रहेको छ । यो सीमित अध्ययन भएकाले यहाँ अन्य कवि तथा कवि अविरलकै अरू कविताहरूको अध्ययन गरिएको छैन । यस अध्ययनमा कवि अविरलका कवितामा पाइने लडाकु मनोविज्ञासम्बद्ध अंशहरूलाई उद्देश्यमूलक नमुनाका रूपमा प्रस्तुत गरी तिनकै आधारमा उनका कवितामा पाइने लडाकु मनोविज्ञानलाई प्रस्तुत गर्ने पद्धति आलेखमा अपनाइएको छ । क्यान्टोन्मेन्टमा थन्किनु परेपछि जनयुद्धका लडाकुहरूको मनोविज्ञानमा परेको मनोवैज्ञानिक प्रभावबाहेक अध्ययनका अन्य आधारलाई अध्ययनमा समेटिएको छैन । सोद्देश्यमूलक नमुना छनोट गरी तिनकै माध्यमबाट विवेच्य कविताको मात्र अध्ययन विश्लेषण गरिएका कारण यो गुणात्मक अध्ययन हो ।

## ४. जनयुद्ध, लडाकु र मनोविश्लेषण

मनोविश्लेषण कलासाहित्यका क्षेत्रमा स्थापित सिद्धान्त हो । मनोविज्ञानका पितासमेत भनिने सिग्मन्ड फ्रायडले प्रतिपादन गरेको मनोविश्लेषणको सिद्धान्तलाई उनीपछि अल्फ्रेड एडलर, कार्ल गुस्ताभ युङलगायतका विद्वान्हरूले अघि बढाएका हुन् । मानवीय मनोविज्ञान र मनोविश्लेषणलाई केन्द्र बनाएर विश्व साहित्य तथा नेपाली साहित्यमा विभिन्न महत्तम कृतिहरू रचना गरिएका छन् र यो क्रम यद्यपि निरन्तर पनि छ । नेपालमा २०५२-२०६२ मा भएको जनयुद्धले नेपाली समाज र राजनीतिमा गहिरो प्रभाव पारेको तथ्य सबैसामु छर्लङ्ग नै छ ।

International Research Journal of MMC (IRJMMC)
Open Access
Volume 4(1), 2023 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

'जनयुद्ध' शब्द जन / जनताको युद्ध शब्दहरूबिच षष्ठी तत्पुरुष समाज प्रक्रियाद्वारा निर्मित शब्द हो । यसले जनताको युद्ध भन्ने सामान्य अर्थ दिए पनि नेपालका सन्दर्भमा वि.स. २०५२ देखि २०६२ बिच नेकपा माओवादीको नेतृत्वमा भएको सशस्त्र सङ्घर्षलाई सङ्केत गर्दछ । नेपालमा सामन्तवादी-साम्राज्यवादी शोषण र दमनको अन्त्य गरी जनगणतन्त्रको स्थापना गर्ने उद्देश्यले २०५२ फागुन १ गतेबाट जनयुद्धको थालनी भएको थियो (ढकाल, २०६७, पृ. २०) । त्यस्तै लडाकु शब्दको अर्थ लडाइँ गर्ने व्यक्ति भन्ने हुन्छ । नेपाली बृहत् शब्दकोशले लडाका, लडाकी र लडाकु शब्दलाई क्रमशः खुब लड्न सक्ने, योद्धा, युद्धमा खुब लड्ने (स्त्री) र लडाइँका काममा आउने भनेर उल्लेख गरेको छ (उप्रेती, २०७५, पृ. १०९८) । यस अध्ययनमा भने लडाकु शब्दको प्रयोग वि.स. २०५२ देखि २०६२ सम्म नेपालमा सञ्चालन भएको सशस्त्र माओवादी द्वन्द्वमा सहाभागी नारी तथा पुरुषलाई जनाउनका निम्ति गरिएको छ ।

मनोविश्लेषण शब्दले मनको विश्लेषण भन्ने सामान्य अर्थ बुझाए पनि यसको अर्थ व्यापक छ । 'मनोविश्लेषण' शब्दको अङ्ग्रेजी रूपान्तर 'साइकोएनालिसिस' हो । नेपाली भाषामा यसको अर्थ मनोविश्लेषण अर्थात् मनको अन्तरालको विस्तृत व्याख्या र मूल्याङ्कन हो (रेग्मी, २०५५, पृ. ५७५) । मनोविश्लेषण शब्दको प्रयोग विभिन्न अर्थमा गरिएको पाइए तापनि यसका निम्नलिखित तीनवटा अर्थहरू प्रमुख मानिन्छन्-

(१) मानवीय व्यवहार तथा व्यक्तित्वको निर्धारण गर्ने मनलाई विशेष महत्त्व दिने मनोवैज्ञानिक सम्प्रदाय,
(२) मानिसका अचेतन मानसिक क्रियाकलापको अनुसन्धान गर्ने वैज्ञानिक प्रविधि,
(३) मानसिक विकृतिको व्याख्या र उपचार गर्ने मनश्चिकित्सा पद्धति (शर्मा र लुइटेल, २०६३, पृ. १६१) ।

सुषुप्तभावलाई बिउँझाउने, भित्रका असन्तोषलाई अभिव्यक्ति दिने, दमित इच्छाहरूलाई निकासी दिने हुँदा साहित्यको आफ्नो मनोविश्लेषण हुन्छ भन्ने थाह हुन्छ (गौतम, २०५०, पृ. ८२) । यसरी मनोविश्लेणले मानिसका मानसिक क्रियाकलापको अध्ययन विश्लेषण गर्छ भन्ने बुझिन्छ । मनोविश्लेषणले भाषाको बाङ्गोटिङ्गो रूपमा चाख लिन्छ (गौतम, २०६४, पृ. ३८०) । यसरी कृतिमा प्रयुक्त पात्रको भाषाका आधारमा पनि उसको मनोविश्लेषण गर्न सकिने बुझिन्छ । साहित्यिक कृतिको विश्लेषण र मूल्याङ्कनका निम्ति सिग्मन्ड फ्रायडको मनोविज्ञानका अन्तर्दृष्टिहरूलाई उपयोग गर्ने एउटा पद्धति; यसले कृतिका लेखक र पात्रको पठन र व्याख्या गर्नका निम्ति फ्रायडले सुनिश्चित गरेका स्वप्न, अचेतनका चाहना र उल्झनलाई लेखककै मनस्तापको प्रतीकात्मक प्रकटीकरणका रूपमा हेर्छ (एटम, २०७४, पृ. १८३) । यसरी मनोविश्लेषण शब्दले साहित्य समालोचनाका क्षेत्रमा व्यापक अर्थ राख्ने भए पनि यस अध्ययनमा मनोविज्ञानका सामान्य सिद्धान्तहरूलाई टेकेर जनयुद्ध समाप्त भएपछि क्यान्टोनमेन्टमा थन्क्याइएका हिजोका लडाकुहरूमा के कस्ता मनोभावनाहरू विकास भए भन्ने विषयलाई कवि सिर्जन अविरलका क्यान्टोन्मेन्ट शृङ्खलाका कविताहरूका आधारमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### ५. क्यान्टोनमेन्ट शृङ्खलाका कवितामा पाइने लडाकु मनोविज्ञान

*क्यान्टोनमेन्ट र अरू कविता* कविता सङ्ग्रह वि. स. २०७० मा प्रकाशन भएको हो । यस सङ्ग्रहभित्र आठ वटा 'क्यान्टोनमेन्ट' शृङ्खलाका कविता र पच्चिस वटा अरु कविता गरी जम्मा तेत्तिस कविताहरू रहेका छन् । यी कविताहरूमध्ये क्यान्टोनमेन्ट शृङ्खलाका कविताबाहेक अन्य कविताहरूमा समकालीन काव्यचेतना र पछिल्लो समयमा आम मान्छेले भोगेका पीडा, व्यथा र वेदनाको समवेत अभिव्यक्ति पाइन्छ । भाषाका हिसाबले, शैलीका हिसाबले, विचारका हिसाबले बिम्ब तथा प्रतीकहरूको संयोजनका दृष्टिले समेत ती कविताहरूमा विशेष र उल्लेख गर्नुपर्ने कुनै विशिष्ट मौलिकता र नयाँपन देखिन्न । त्यस कारण यी कविताहरू आजका राम्रा नेपाली कविता र त्यस कविता परम्पराका निरन्तरता मात्र हुन् । त्यसैले यस आलेखमा *क्यान्टोनमेन्ट र अरु कविता* सङ्कलनका 'क्यान्टोनमेन्ट' शृङ्खलाका कवितामा पाइने लडाकुहरूको मनोविश्लेषणमा केन्द्रित रहन खोजिएको छ ।

*क्यान्टोनमेन्ट र अरु कविता* सङ्ग्रहमा क्यान्टोनमेन्ट शृङ्खलाका कुल आठ कविताहरू रहेका छन् । नेपालले २०५२ देखि २०६२ सम्म दसबर्से जनयुद्ध भोग्यो । योजनयुद्धले आम मान्छेमा जुन र जति राजनीतिक चेतना विस्तार गर्‍यो त्यति नै स्वेच्छाचारी प्रवृत्ति पनि निम्त्यायो । द्वन्द्वकालमा आम मान्छेलाई धेरै सपनाहरू बाँढियो, ज्यान हत्केलामा

International Research Journal of MMC (IRJMMC)
Open Access
*Volume 4*(1), 2023 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

राखेर मान्छेहरूले त्यसको समर्थन पनि गरे, देश र जनताभन्दा ठुलो कोही छैन भन्ने मान्यताले प्रेरित भएर हजारौँ लडाकुहरू कात्रो ओढेर सङ्घर्षको मैदानमा उत्रेको पनि उत्तिकै सत्य हो। भन्नलाई 'जनयुद्ध सफल भयो' पनि नभनिएको हैन तर आम जनताको कुरा छाडौँ खुद ज्यानको माया त्यागेर देश र जनताका लागि द्वन्द्वमा लाग्ने लडाकुहरूले के पाए भन्ने प्रश्न कवि सिर्जनले आफ्ना क्यान्टोनमेन्ट शृङ्खलाका कवितामा उठाएका छन् । त्यसैले पनि क्यान्टोनमेन्ट शृङ्खलाका कविताहरू हाम्रो विगतलाई हेर्ने ऐना हुन्। कविकै शब्दमा–

बिर्सिंदै बिर्सिंदै पुराना दिनहरू
उड्दै गएका चङ्गाहरू हेरेर
जीवनको गीत गायौँ
अनि
सुम्सुम्यायौँ औँलाहरूले
गमलामा भखौँर फुलेका फूलहरू।

(क्यान्टोनमेन्ट- १, पृ. ४)

यी शृङ्खला कविताको पहिलो कविता 'क्यान्टोनमेन्ट- १' मा क्यान्टोनमेन्टमा राखिएपछि लडाकुहरूले अब युद्धका दिन समाप्त भएको, अब भविष्य सुनिश्चित हुने जीवनप्रतिको आशावादिता व्यक्त गरेका छन् । भविष्यवादी, जीवनवादी र आशावादी काव्यिक चेतना यस कवितामा पाइन्छ। अब युद्धका दिन समाप्त भए। हामीले लक्षित उपलब्धि प्राप्त गऱ्यौँ भन्ने निश्चिन्त लडाकु मनोविज्ञानको प्रस्तुति यस कवितामा पाइन्छ। तर, यो आशा, उत्साह र यो जीवनबोधी चेतना शृङ्खलाको दोस्रो कवितामै पुग्दा तुहिन्छ।

म खबर लिन गएको योद्धा
आफैँ खबर भएर आएको छु
तिम्रो सामु
जुधाउन नसकेका
एक जोर आँखाहरूमा हेर
निभाएर उहिले उहिलेको आगो
आँखाभरि पानी लिएर आएको छु।

(क्यान्टोनमेन्ट- २, पृ. ६)

लडाकुहरूका सपनामा तुसारापात भएको पीडादायक अवस्थालाई यस कविताले प्रस्तुत गरेको छ। सुरभिको सम्बोधक एकाएक जीवनको लय हराएर फर्केको छ । उनीहरूले जनयुद्धका नाममा जे सपना देखेका थिए र जुन परिवर्तनको आकाङ्क्षा राखेका थिए वास्तविकतामा त्यो केवल एउटा मिठो भ्रम मात्र रहेछ। आँखामा रहेको क्रान्तिको आगो निभेको र त्यहाँ केवल निरीहताका आँसुहरू बाँकी रहेको लडाकु मनोविज्ञानको प्रस्तुति माथिको कवितांशमा पाइन्छ। तेस्रो कवितामा कवि भन्छन्-

एउटै प्रश्न उठ्छ
विचार सबै पखालेर
कसले उभ्यायो नाङ्गै ?
यो क्यान्टोनमेन्टमा।

(क्यान्टोनमेन्ट- ३, पृ. ८)

शृङ्खलाको तेस्रो उपर्युक्त कवितांशमा विचारहीनतामा बाँच्नुको पीडाको अभिव्यक्ति पाइन्छ। हिजो सशस्त्र द्वन्द्व कालमा एउटा मिसन थियो, सपनाहरू थिए, बाटो जतिसुकै अप्ठेरो भए पनि लक्ष्य थियो। त्यो लामो यात्रा गरेर फर्केका लडाकुहरू क्यान्टोनमेन्ट छिरेपछि उनीहरूलाई क्यान्टोनमेन्ट कारागार जस्तो लागेको, कसैले आफ्ना सारा विचारहरू

International Research Journal of MMC (IRJMMC)
Open Access
*Volume 4*(1), 2023 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

पखालेर आफैँलाई नाङ्गो उभ्याएको जस्तो मनोवैज्ञानिक अनुभूतिलाई यस कविताले प्रभावकारी रूपमा प्रस्तुत गरेको छ । चौथो शृङ्खलामा कवि भन्छन्-

अहो !
नतर्दै विजयको नदी
कसले भत्कायो पुल
र बन्दी बनायो उसलाई

(क्यान्टोनमेन्ट- ४, पृ. १०)

यस कवितामा पनि विचाहीनताकै अभिव्यक्तिको निरन्तरता पाइन्छ । क्यान्टोनमेन्टमा थन्किएपछि एउटी लडाकु युवतीले आफ्नो अतीतलाई फर्केर हेरेको सन्दर्भ यस कवितामा पाइन्छ । युवतीलाई नेतृत्वले विजयको टुङ्गो नलागीकनै युद्ध समाप्तिको घोषणा गरिएको अनुभूति भएको छ । अब त फर्केर जाने ठाउँ समेत नभएका कारण आफू क्यान्टोनमेन्टरूपी कारागारमा बन्दीको जीवन बिताइरहे झैँ अनुभव गर्छे ऊ । युद्ध जित्ने सम्भावना रहँदारहँदै यसलाई बिचमै टुङ्ग्याइएको प्रति असन्तुष्ट युवती लडाकुको मनोविज्ञानलाई कविले माथिको कवितांशमा प्रस्तुत गरेका छन् ।

उज्यालो नहुँदै माथि डाँडामा
बिसाएर अजङको यात्रा
गाह्रो मान्दै छ उभिन पाइतालाले
र ठडिन शिरले
यो क्यान्टोनमेन्टको आँगनमा ।

(क्यान्टोनमेन्ट- ५, पृ. १२)

पाँचौँ शृङ्खलाको यस कवितांशमा पनि निरुद्देश्य क्यान्टोनमेन्टमा बस्नुपर्दाको मनोवैज्ञानिक पीडाकै अभिव्यक्ति पाइन्छ । आफूलाई मुक्तिको गीत सिकाउनेले नै आज धोका दिएको र उसले हिजोका आफ्नै शत्रुहरूसँग हात मिलाएको सन्दर्भले सत्तामा पुगेपछि नेतृत्वमा आएको वैचारिक स्खलन र पतनलाई सङ्केत गरेको छ । उज्यालोसँगको साक्षात्कारबिना नै आफ्नो यात्रा रोकिएकोमा लडाकुहरूले अनुभूत गरेको मनोवैज्ञानिक पीडा नै यस शृङ्खला कविताको मुख्य अभिव्यक्ति बनेर आएको छ ।

वर्षौँअघि त्यागेको घर
गाउँ, बाटा र चोकहरू
सँगै पढेको स्कुले साथी
सबै बिराना भएका छन् अब,
पर्खालबाट चुहिरहेको
उदास जून
क्यान्टोन्मेन्टका छातीमा
अनगिन्ती सपनाहरू
खजमजिएका छन्- यो परिसरमा
हेर्दै छ टाढा टाढँका बत्तीहरू
छाम्दै छ जीवन
र सम्झिरहेछ
लामो युद्धको पुरानो बाटो

ऊ थाक्दै गएको लडाकु पनि होइन

ऊ हारेर यहाँ आएको पनि होइन
कस्तो अचम्म !

(क्यान्टोनमेन्ट- ६, पृ. १३-१४)

प्रस्तुत क्यान्टोनमेन्ट शृङ्खलाको छैटौँ कवितामा पनि अघिल्ला शृङ्खलाकै लडाकु पीडाहरूको पुनरावृत्ति पाइन्छ । युद्ध समाप्तिको घोषणाले मनमा पारेको चोट, बसौँअघि छोडेको घर र साथीभाइहरू बिरानो भएको सन्दर्भ, अपूरा सपनाहरू मात्र रहेको, गौरवले शिर ठाडो पार्ने कुनै सन्दर्भ नभएको अनुभूति क्यान्टोनमेन्टमा कैदी जस्तै जीवन बिताइरहेका लडाकुहरूले भोगेको विचार यस कविता प्रस्तुत भएको देखिन्छ । यहाँ आफ्नो विगत जीवनमा फर्केर जाने बाटाहरू बन्द भएको, पुनः युद्धमा जाने सम्भावना समाप्त भएको र नयाँ परिस्थितिमा आफूलाई समायोजन गर्न असजिलो भएको लडाकु मनोविज्ञानको प्रस्तुति पाइन्छ ।

प्रिय क्यान्टोनमेन्ट !
म भन्थेँ सम्पूर्णताको सार हो युद्ध
म ठान्थेँ मुक्तिको चिराग हो युद्ध
मिथ्या !
फगत् मिथ्या
अयोग्य भएर योग्यताको लडाइँ लडेका हामी
आफ्नो धरातल बिर्सिएर झुटो नारा बोलेका हामी
युद्धको शौर्य बिसाएको
तिम्रो छातीमा टेकेर
अयोग्यताको माला भिर्न सक्दैनौँ ।

(क्यान्टोनमेन्ट- ७, पृ. १६)

क्यान्टोनमेन्ट शृङ्खलाको माथिको सातौँ कवितामा अनमिनको प्रमाणीकरण प्रक्रियामा अयोग्य ठहरेपछि लडाकुका मनमा उठेका पीडाका तरङ्गहरूको मार्मिक अभिव्यक्ति पाइन्छ । पहिला कारागार जस्तो लागे पनि बिस्तारै क्यान्टोनमेन्ट प्रिय बन्दै गएको, आफ्नै घर जस्तै बन्दै गएको आभास भए पनि अनमिनको प्रमाणीकरण प्रक्रियामा अयोग्य घोषित भएपछि बाध्य भएर क्यान्टोनमेन्ट छोड्नु परेको मनोवैज्ञानिक मर्मलाई यो कविताले मर्मस्पर्शी रूपमा प्रस्तुत गरेको छ । आफूहरूले युद्धलाई सम्पूर्णताको सार र मुक्तिको चिराग ठानेको भए पनि त्यो कुरा आज मिथ्या प्रमाणित भएको गुनासो पनि यस कवितामा पाइन्छ । कसैले अयोग्यको बिल्ला भिराए पनि आफ्नो योग्यतामाथि आफूलाई पूर्ण विश्वास रहेको र फेरि विद्रोहमा फर्कने सङ्केतको अभिव्यक्ति पनि यस कवितामा पाइन्छ । त्यसैले माथिको कवितांशले जनयुद्धका लडाकुहरूको पश्चात्तापबोधी मनोविज्ञानलाई प्रस्तुत गरेको देखिन्छ ।

आश्वासनको एक ढाकर सपना बोकेर
अयोग्य साबित एक लडाकु
धारहीन जीवनका रहरहरू
सेलाएर फर्केकी छ गाउँमा
र उदास बिपनामा टोलाएकी छ अहिले

(क्यान्टोनमेन्ट- ८, पृ. १८)

क्यान्टोनमेन्ट शृङ्खलाको आठौँ तथा अन्तिम कवितामा पनि शृङ्खला सातकै भावको पुनरावृत्ति पाइन्छ । सातौँ शृङ्खलामा एउटा लडाकु पुरुषका मनोभाव चित्रित छन् भने यहाँ एउटी अयोग्य घोषित लडाकु युवतीका मनोवैज्ञानिक पीडाहरूलाई प्रस्तुत गरिएको छ । प्रस्तुत कवितांशमा अब के गर्ने भन्ने अनिश्चितताले अन्योलग्रस्त बनाएको अवस्थाको चित्रण गर्दै आफ्ना सारा सपनाहरू भताभुङ्ग भएको अभिव्यक्ति यस कवितामा पाइन्छ । पछाडि फर्कने बाटो

International Research Journal of MMC (IRJMMC)
Open Access
*Volume 4*(1), 2023 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

बन्दप्रायः भएको र अगाडि अन्योलग्रस्त भविष्य रहेकाले अब केगर्ने भनेर अनिर्णित बनेकी लडाकु युवतीको मनोविज्ञानलाई यस कवितामा प्रस्तुत गरिएको छ ।

**६. विषय विश्लेषण तथा नतिजा**

यसरी अविरलका क्यान्टोन्मेन्ट शृङ्खलाका कविताहरूले जनयुद्धमा सरिक भएका लडाकुहरूको पीडादायी मनोविज्ञानलाई प्रस्तुत गरेका छन् । युद्ध जितेर पनि अयोग्य कहलिनु परेको, हिजोका आदर्शहरू एक एक गर्दै भत्किँदै गएका, हिजोको सामाजिक विच्छेदको पीडा सहनु परेको दयनीय मनोविज्ञानको प्रस्तुतिका कारण यी कविताहरू जीवन्त बनेका छन् ।

यस सङ्कलनमा रहेका क्यान्टोनमेन्ट शृङ्खलाका कविताहरूमा पाइने नयाँपन भनेको विषयगत नवीनता नै हो । कसैले उठान नगरेको तर अत्यन्त महत्त्वपूर्ण र संवेदनशील विषयलाई कवि सिर्जन अविरलले उठान गरे । यो एउटा इतिहास हो, भोलिका पुस्ताका लागि यो विषय एउटा खोज र अनुसन्धानको विषय बन्न सक्छ । इतिहासको एउटा त्रासदी र गौरवलाई एक साथ सम्झाउने सन्दर्भसँग जोडिएको क्यान्टोनमेन्ट प्रकरणसँग धेरै नेपाली युवा युवतीका आशा र सपना जोडिएका थिए । उनीहरू युद्ध हारेर त्यहाँ आएका थिएनन् र युद्धबाट पलायन पनि भएका थिएनन् । उनीहरूका सपना एक हिसाबले बिचैमा तुहाइए । त्यही मानवीय मनोविज्ञानलाई कवि सिर्जनले आफ्ना क्यान्टोनमेन्ट शृङ्खलाका कवितामा व्यक्त गर्ने प्रयास गरेका छन् ।

निश्चित रूपमा आफूसँग भएका हतियार बुझाएर निहत्था हुनु र खुला वातावरणमा स्वच्छन्द विचरण गरिरहेका मान्छेहरूलाई क्यान्टोनमेन्टको वातारवण सुरुमा कारागारको जस्तै लाग्नु आश्चर्यको विषय होइन । तर, जब उनीहरू त्यहाँको वातावरणमा रम्दै गए, तब त्यो क्यान्टोनमेन्ट नै एउटा बहुल जातीय, बहुल सांस्कृतिक तर एउटै विचार बोकेका मान्छेहरूको समाज बन्दै गयो । कति युवा युवतीले त्यहीँ एकअर्कालाई मन पराएर वैवाहिक बन्धनमा बाँधिए तथा यो क्यान्टोनमेन्ट आफ्नै घर भएको अनुभूतिसम्म गरे । यसरी उनीहरू र क्यान्टोन्मेन्टबिच एउटा गहिरो भावनात्मक लगाव कायम भयो ।

निश्चय नै, प्रारम्भमा उनीहरूमा आशा थियो, उत्साह थियो । उनीहरू युद्धमा पराजित भएर त्यहाँ आएका वा ल्याइएका थिएनन् । हिजोका दिनमा जसरी जनताको मुक्तिका लागि प्राणको बाजी थापेर उनीहरू लडेका थिए अब भोलिका दिनमा देशको सिपाही भएर देशका हितमा काम गर्ने युवा जोस र जाँगर उनीहरूसँग थियो भन्ने मनोविज्ञानको अभिव्यक्ति क्यान्टोनमेन्ट शृङ्खलाको पहिलो कवितामा गरिएको छ । तर, प्रमाणीकरण प्रक्रियामा देखिएको ढिलासुस्ती, नेतृत्वको सत्तालिप्सा आदि जस्ता कारणहरूले उनीहरूका आशा र सपनामा बिस्तारै शङ्का र अनिश्चितताका कीटाणुहरू फैलाउने काम गऱ्यो । उनीहरूका ती दिनहरू अत्यन्त बोझिल, अत्यन्त आलस्यका साथ बिते । त्यही मनोविज्ञानलाई शृङ्खला दुईदेखि शृङ्खला छसम्मका कविताहरूले प्रस्तुत गरेका छन् । शृङ्खला सात र आठका कविताले चाहिँ लडाकु मनोविज्ञानमा रहेको पीडाको चरम रूपलाई प्रस्तुत गरेका छन् । जुन सरकारी सेनासँग समानान्तर लडाइँ गरेर त्यही सेनामा प्रवेश गर्ने आशा तिनले गरेका थिए त्यही सेनामा समावेश हुन आफू अयोग्य ठहर भएपछिको पीडालाई यी कवितामा प्रस्तुत गरिएको छ ।

क्यानटोनमेन्ट शृङ्खलाका कविताहरूको शक्ति र सीमाका कुरा गर्नु पर्दा नयाँ र प्रायः कसैले नउठाएको एउटा महत्त्वपूर्ण विषयलाई कवितामा प्रवेश गराउनु यस सङ्ग्रहको एउटा सकारात्मक पक्ष देखिन्छ । शृङ्खलाका पहिलो कविता र सातौँ तथा आठौँ कविताका जुन काव्यिक सामर्थ्य र ओज छ त्यो गुण अन्य कविताहरूमा केही कमजोर प्रतीत हुन्छ । साँच्चै भन्ने हो भने शृङ्खला दुईदेखि छसम्मका कविताहरूमा एउटै खालको विषय र भावको पुनरावृत्ति देखिन्छ । यसरी हेर्दा तीन वटा शृङ्खलामै कविता टुङ्ग्याएको भए पनि खासै फरक नपर्ने देखिन्छ ।

भाषाका हिसाबले कविताको भाषामा हुनुपर्ने गुण र माधुर्य तथा बिम्ब र प्रतीकको सन्तुलित प्रयोग गर्न कवि सिर्जन चुकेका छैनन् । वर्णविन्यासका दृष्टिले चाहिँ सङ्ग्रहमा धेरै मात्र होइन प्रशस्तै गल्ती कमजोरीहरू छन् जसलाई सुधार्न सकिन्थ्यो । केही कविताका हरफहरू पनि नमिले जस्ता देखिन्छन् । तल्लो हरफमा झार्नुपर्ने शब्द माथिल्लै हरफमा

राखिएका केही कमजोरीहरू देखिन्छन । जे होस्, नेपाली कवितामा प्रवेश पाउनै पर्ने एउटा विषयलाई कवि सिर्जनले भित्र्याएका छन् । उनले यस विषयमा अझ काम गर्नुपर्ने देखिन्छ ।

सिर्जनले कविताका माध्यमबाट सुनौलो भविष्यको सपना देखाएर क्यान्टोन्मेन्ट पुऱ्याइएका तर पछि अनमिनको प्रमाणीकरणमा अयोग्य घोषित भई पीडाका आँसु चुहाउँदै आआफ्नो घर फर्कन बाध्य बनाइएका जनयुद्धका लडाकुहरूको पीडादायी मनोविज्ञानको मार्मिक प्रस्तुति यी शृङ्खला कविताहरूमा दिएका छन् । उनले यी कवितामा लडाकुहरूका उत्साह, जीवनप्रतिको आशावादिता, नयाँ भविष्यको परिकल्पना र अन्तमा उनीहरूमा देखिएको चरम निराशालाई मनोवैज्ञानिक ढङ्गले प्रस्तुत गरेका छन् । यो नै कवि सिर्जन अविरलको काव्यिक सफलता हो ।

**७. निष्कर्ष**

कवि सिर्जन अविरलको 'क्यान्टोनमेन्ट र अरू कविताहरू' पुस्तकभित्र रहेका 'क्यान्टोनमेन्ट' शृङ्खलाका आठ कविताहरूमा उज्यालो भविष्यको खोजीमा युद्धमा होमिएका तर युद्धमा नहारे पनि अयोग्य घोषित भई अक्षमताको आलो घाउ छातीमा बोकेर जीवनभर अपमानित भई बाँच्न विवश भएका पीडित लडाकुहरूको कारुणिक मनोविज्ञानलाई प्रस्तुत गरिएको छ । बन्दुक बिसाएर शान्ति, अमन र परिवर्तनको सुनौलो सपना बोकेर क्यान्टोनमेन्ट छिरेका लडाकुहरू आफ्नै नेतृत्वको सत्तालोलुप प्रवृत्ति देखेर एकातिर पीडित बनेका छन् भने अर्कातिर अनमिनले अयोग्य लडाकु भनेर घोषणा गरिदिँदा उनीहरू मानसिक रूपमै अपमानित समेत हुन पुगेका छन् । र, संसार परिवर्तन गर्ने सपना बोकेर ज्यानको समेत पर्वाह नगरी हिँडेका यिनै लडाकुहरूको कारुणिक मनोविश्लेण गर्न कवि अविरलका क्यान्टोनमेन्ट शृङ्खलाका कविताहरू सफल देखिन्छन् ।

**सन्दर्भ सूची**

अविरल, सिर्जन (२०७०). *क्यान्टोनमेन्ट र अरू कविताहरू*. काठमाडौँ : याम्बुरी बुक प्वाइन्ट.

उप्रेती, गङ्गाप्रपाद (२०७५). *नेपाली बृहत् शब्दकोश*. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान.

एटम, नेत्र. (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश*. काठमाडौँ: नेपाल प्रज्ञा प्रतिष्ठान.

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना अनेक रूप अनेक पठन*. ललितपुर: साझा प्रकाशन.

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा*. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स.

ढकाल, घनश्याम (२०६७). 'जनयुद्धको सौन्दर्यशास्त्र र यसको विषयवस्तु'. *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य*. (घनश्याम ढकाल, संयोजक). काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ.

त्रिपाठी, वासुदेव, दैवज्ञराज न्यौपाने, केशव सुवेदी (२०६५). *नेपाली कविता भाग ४*. ललितपुर: साझा प्रकाशन.

थापा, अशोक (२०६७). 'दुःखीका कवितात्मक प्रवृत्तिहरू'. *मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य*. (घनश्याम ढकाल, संयोजक). काठमाडौँ : अखिल नेपाल लेखक सङ्घ.

पौडेल, गोपीन्द्र (२०७०). *कथाको सिंहावलोकन*. काठमाडौँ : प्रज्वल पौडेल / प्रताप पौडेल.

भण्डारी, जगदीशचन्द्र (२०७५). *सौन्दर्यको अन्वीक्षण*. काठमाडौँ : मुन्नी भण्डारी.

रेग्मी, मुरारिप्रसाद (२०५५). *नेपाली साहित्य कोश*. (ईश्वर बराल, संयोजक). काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.

लुइटेल, खगेन्द्रप्रसाद (२०६०). *कविता सिद्धान्त र नेपाली कविताको इतिहास*. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान.

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार